**कारारका निमय र शर्तहरु :**

बोस्टनमा हुन गइरहेको ए एन ए कन्भेन्सन २०१० सम्मेलन अवधिमा माथि उल्लेखित प्रर्दशनी स्थल भाडामा लिइ भोग चलन गर्न म/हामी ...............................................यो करारका नियम र शर्तहरु मंजुर गर्दछु/छौं । यो करार बमोजिमको प्रदर्शनी कक्षको भुक्तानी रकम यसै निवेदनसाथ संलग्न छ । म/हामी एक प्रदर्शनकर्ता (व्यापारी)ले एउटामात्र स्थल उपयोग गर्न सहमत छु/छौ ।

**म/हामी निम्न बमोजिमका नियम तथा शर्तहरु पालन गर्न मंजुर छु/छौ ।**

१. स्वास्थ्य, अग्नि नियन्त्रण, सामाजिक सुरुक्षा, व्यवसायिक अनुमति, विक्रीकर आदिका आवश्यक इजाजत प्रदर्शनकर्ता (व्यापारी) आफैंले लिनु पर्ने र सोको पालना गर्नु पर्ने छ ।

२. रेस्टुरेण्टको हकमा प्रदर्शनी कक्षका लागि प्रर्दशन कर्ताले पेश गरेको निवेदन स्वीकृत भए लगत्तै सम्वन्धित प्रर्दशनी तथा व्यापार वीमाको प्रमाणित प्रतिलिपी ए एन ए कन्भेन्सन कमिटी २०१० लाई पठाउनु पर्नेछ ।

३. ए एन ए कन्भेन्सन कमिटीले खाना र ठूलो साईजको बुथलाई २ वटा टेबल (30” X 96”) र सानो साईजको बुथलाई एउटा टेबल तथा प्रत्येक बुथलाई २ वटा कुर्सी प्रदान गर्नेछ । प्रदर्शनकर्ता (व्यपारी)ले यसवाहेक प्रदर्शनीका लागि आवश्यक व्यानर, डिस्प्ले, अन्य फर्निचर तथा आवस्यक सामाग्री आफैंले व्यवस्था गर्नु पर्नेछ । ए एन ए कन्भेन्सन कमिटीले त्यस्ता कुनै सामाग्रीहरु उपलब्ध गराउने छैन ।

४. मादक पदार्थ, कुनै हातहतियार(खुकुरी सहित), कुनै अवैध सामग्री प्रदर्शनी स्थल वा कक्षमा लैजान र विक्री वितरण गर्न पाइने छैन ।

५. तोकिएको प्रदर्शनी कक्ष तथा त्यसमा कार्यरत कुनै कर्मचारी वा अन्य व्यक्तिहरुमा हुन सक्ने खतरा वा दूर्धटनाको जिम्मेवारी प्रदर्शनकर्ता (व्यापारी) स्वयंमले लिनु पर्ने छ ।

६. प्रदर्शन कक्षको खर्च तथा नाफा/घाटाको सम्पूर्ण जिम्मेवारी प्रदर्शनकर्ता (व्यापारी)को हुनेछ ।

७. आफ्नो प्रदर्शनी कक्षको सरसफाइ तथा सुरक्षा प्रदर्शनकर्ता (व्यापारी)ले आफैंले गर्नु पर्ने छ ।

८. प्रदर्शन कक्षमा काम गर्ने सम्वन्धित व्यक्ति तथा कर्मचारी हेरफेर भएमा ए एन ए कन्भेन्सन कमिटीलाई तुरुन्त खबर गर्नु पर्ने छ । त्यस्तो अवस्थामा प्रदर्शनी कक्षमा प्रवेश गर्न आवश्यक पर्ने कागजात प्रदर्शनकर्ता तथा सम्वन्धित व्यक्तिले लिनु पर्ने छ ।

९. ए एन ए कन्भेन्सन कमिटी २०१०, बोस्टनले यदि प्रदर्शनकर्ता (व्यापारी)ले यो करारमा उल्लेखित नियम र शर्तहरु पालना नगरेको ठहर गरेमा कुनै पनि बेला करार रद्द गर्ने सम्पूर्ण अधिकार  ए एन ए कन्भेन्सन कमिटी २०१०, बोस्टनमा हुनेछ ।

१०. प्रर्दशनी कक्षका लागि पेश गरिएको निवेदन स्वीकृत भइसके पछि यो करार अर्को (तेस्रो) पक्षलाई हस्तान्तरण गर्न वा आंशिक वा पूर्णरुपमा विक्री गर्न वा भाडामा दिन अथवा वदर गर्न पाइने छैन ।